# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६८) काठमाडौं, पुस २० गते, २०७५ साल (अतिरिक्ताङ्क ३४(क)


## भाग ४

नेपाल सरकार

## प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको

सूचना

## सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण (पहिलो संशोधन) नियमावली, २०७६

सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण नियमावली, २०७३ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ४६ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरुको नाम "सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण (पहिलो संशोधन) नियमावली, २०७६" रहेको छ ।

(२) यो नियमावली तुरून्त प्रारम्भ हुनेछ ।

२. **सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण नियमावली, २०७३ मा नियम १४क. थपः** सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण नियमावली, २०७३ (यसपछि "मूल नियमावली" भनिएको) को नियम १४ पछि देहायको नियम१४क. थपिएको छः-

"१४क. बहुमूल्य धातु वा वस्तुः ऐन तथा यस नियमावलीको प्रयोजनका लागि प्राकृतिक वा प्रशोधित जुनसुकै स्वरुपमा रहेका अनुसूची-१मा उल्लेख भए बमोजिमका धातु वा वस्तुलाई बहुमूल्य धातु वा वस्तु मानिनेछ।"

३. **मूल नियमावलीको नियम १९मा संशोधनः** मूल नियमावलीको नियम १९ को उपनियम (१) मा रहेका"अनुसूची-१" भन्ने शब्दहरुको सट्टा "अनुसूची-१क." भन्ने शब्दहरु राखिएका छन्।

४. **मूल नियमावलीको नियम ४७ मा संशोधनः** मूल नियमावलीको नियम ४७ को उपनियम (१) को खण्ड (झ) मा रहेका "वन तथा भू-संरक्षण मन्त्रालय" भन्ने शब्दहरुको सट्टा "वन तथा वातावरण मन्त्रालय" भन्ने शब्दहरु राखिएका छन् ।

५. **मूल नियमावलीको नियम ५३ मा संशोधनः** मूल नियमावलीको नियम ५३ मा रहेका "अर्थ मन्त्रालयले" भन्ने

शब्दहरुको सट्टा "प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले" भन्ने शब्दहरु राखिएका छन् ।

६. <u>मूल नियमावलीको अनुसूचीमा संशोधनः</u> मूल नियमावलीको,–

(१) अनुसूची-१ को सट्टा यसैसाथ संलग्न अनुसूची-१ राखिएको छ ।

(२) अनुसूची-१ पछि यसैसाथ संलग्न अनुसूची-१ क. थपिएको छ ।

मुद्रण विभाग, सिंहदरबार

"अनुसूची-१
(नियम१४क. सँग सम्बन्धित)
बहुमूल्य धातु वा वस्तुहरु

१. सुन,
२. चाँदी,
३. प्लाटिनम,
४. इरिडियम,
५. ओस्मियम,
६. पालाडियम,
७. रोडियम,
८. रुथेनियम,
९. दुई प्रतिशत वा सोभन्दा बढी सुन,चाँदी, प्लाटिनम, इरिडियम, ओस्मियम, पालाडियम, रोडियम वा रुथेनियम मिश्रण भएका वा समावेश गरिएका अन्य धातु वा वस्तु, तिनका अयस्क (Ore) वा त्यस्तो धातुबाट बनेका गहना,
१०. डायमण्ड,
११. सफायर,
१२. रुबी,
१३. इमेराल्ड,
१४. जेड,
१५. पर्ल,
१६. कोरण्डम,
१७. एकुमेरीन ।"



मुद्रण विभाग, सिंहदरबार

अनुसूची-१क.

(नियम १९को उपनियम (१) सँग सम्बन्धित)

सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग

उजुरी/सूचना दर्ता किताबको ढाँचा

| दर्ता नं. | दर्ता मिति | उजुरी/सूचना दिनेको नाम,थर ठेगाना वा सङ्केत नं. | आरोपित व्यक्तिको नाम, थर र ठेगाना | उजुरी/सूचना को संक्षिप्त व्यहोरा | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

**आज्ञाले,**

**डिल्लीराज घिमिरे**

**सचिव**



**मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू ५।–**

**गो.हु.द.नं. १६।२०६२।६३**

मुद्रण विभाग, सिंहदरबार